बडीमालिका नगरपालिकाको आ व २०८२/०८३ को दोस्रो नगरकार्यपालिकाको बैठक

स्थानः कार्यपालिकाको बैठक हल

बिहान:८:०० बजे

आज मिति २०८२ साल भदौ महिनाको २ गतेका दिन यस बडीमालिका नगरकार्यपालिकाको बैठक कार्यवाहक नगर प्रमुख श्री डम्बर बहादुर महतज्यू को अध्यक्षतामा बसी निम्नानुसारको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णय गरियो।

| क्र.स | नामथर | पद | कार्यपालिकाको पद | दस्तखत |
|---|---|---|---|---|
| ३ | श्री डम्बर बहादुर महत | २ नं वडा अध्यक्ष | कार्यवाहक नगर प्रमुख | |
| ४ | श्री कृष्णबहादुर कार्की | १ नं वडा अध्यक्ष | सदस्य | |
| ५ | श्री डबल बहादुर रोकाया | ३ नं वडा अध्यक्ष | सदस्य | |
| ६ | श्री अर्जुन नाथ | ४ नं वडा अध्यक्ष | सदस्य | |
| ७ | श्री धरमपाल मिजार | ५ नं वडा अध्यक्ष | सदस्य | |
| ८ | श्री कृष्ण बहादुर खड्का | ६ नं वडा अध्यक्ष | सदस्य | |
| ९ | श्री धर्मराज पाध्याय | ७ नं वडा अध्यक्ष | सदस्य | |
| १० | श्री चन्द्र बहादुर थापा | ८ नं वडा अध्यक्ष | सदस्य | |
| ११ | श्री सुर्य किरण वि.क | ९ नं वडा अध्यक्ष | सदस्य | |
| १२ | श्री बुदे ल्वार | | सदस्य | |
| १३ | श्री लक्षी वि.क | | सदस्य | |
| १४ | श्री राजेश वि.क | | सदस्य | |
| १५ | श्री तुलशी गिरी नाथ | | सदस्य | |

| | | | | |
|---|---|---|---|---|
| १६ | श्री निर्मला वि.क | | सदस्य | [signature] |
| १७ | श्री निर्मला बडुवाल | | सदस्य | [signature] |
| १८ | श्री अम्बिका वि.क | | सदस्य | [signature] |
| १९ | श्री धना देवी विष्ट | | सदस्य | Dhana |
| २० | श्री पदमबहादुर माझी | प्र.प्र.अ. | सदस्य सचिव | [signature] |
| सि न | अन्य | पद | | दस्तखत |
| | गोपाल महत | अधिकृत | | [signature] |
| | विजय कु. माझी | पंक्ती | | [signature] |
| | हिरेन्द्र विष्ट | का.ज. | | [signature] |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

CamScanner

बडीमालिका नगरपालिका आ व २०८२/०८३ को दोस्रो नगरकार्यपालिका बैठक निर्णयहरु
मितिः२०८२ भदौ २

**प्रस्तावहरु:**

१. स्थायी कर्मचारीको तह कायम तथा वृद्धि सम्बन्धमा।

२. नगरगीत छायाङ्कन सम्बन्धमा।

३. सेवा करारमा कार्यरत कर्मचारीको म्याद थप सम्बन्धमा।

**निर्णयहरु :**

**निर्णय नं १:** सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ९(१) र दफा २७ (१) बमोजिम एक तह मुनिको पदमा कार्यरत रही तोकिएको शैक्षिक योग्यता प्राप्त गरेका सम्बन्धित तहमा न्यूनतम पाँच वर्ष सेवा अवधि पूरा गरेका तथा कानुन बमोजिम जेष्ठता गणनाको मिति पुगेका, पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औसत पञ्चानब्बे प्रतिशत अङ्क वा सोभन्दा बढी अङ्क प्राप्त गरेको र कुनै विभागीय कारबाहीमा नपरेको कर्मचारीलाई तह कायम तथा वृद्धि गर्ने प्रयोजनका लागि निवेदन पेस गर्न ७ दिनको सूचना प्रशासन गर्ने निर्णय गरियो।

**निर्णय नं. २:** बडीमालिका नगरपालिकाको सत्रौ नगरसभाबाट पारित वार्षिक नीति कार्यक्रम तथा बजेटको खर्च शिर्षक नं. २२५२२ शिर्षक नगर वृतचित्र तथा पुस्तक निर्माणमा नगर वृतचित्र कार्यान्वयन गर्ने सिलसिलामा नगरपालिकाको नगरगीत छायाङ्कनका लागि कार्यालयबाट पेस भएको तपसिलको बजेट तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | विवरण | संख्या | दर | दिन | |
|---|---|---|---|---|---|
| १ | क्यामेरा म्यान | १ | ७००० | ७ | ४९००० |
| २ | लाइटिङ म्यान | १ | ३००० | ७ | २१००० |
| ३ | मेकअप म्यान | १ | ३००० | ७ | २१००० |
| ४ | निर्देशक | १ | ७००० | ७ | ४९००० |
| ५ | मोडेल | १ | १२००० | ७ | ८४००० |
| ६ | कोरियोग्राफर | १ | ७००० | ७ | ४९००० |
| ७ | स्थानीय कलाकार | २० | २००० | १ | ४०००० |
| ८ | जनप्रतिनिधि र कर्मचारी | १५ | | | ० |
| ९ | जम्मा सहभागी संख्या | ४१ | १००० | ५ | २०५००० |
| १० | खाना | ० | ४०० | १० | ० |
| ११ | खाजा | ० | २०० | ५ | ० |
| १२ | यातायात प्लेन | ८ | ७९०० | १ | ६३२०० |
| १३ | जिप रिजर्भ | २ | २२००० | १ | ४४००० |
| १४ | ड्रेस | 1 | १५००० | १ | १५००० |
| १५ | अन्य | 1 | २०००० | १ | २०००० |
| १६ | Hotel | 1 | २०००० | १ | २०००० |
| | जम्मा | | | | ६८०२०० |

**निर्णय नं. ३:** बडीमालिका नगरपालिकाको कार्यालयमा विगत वर्षदेखि सेवा करारमा नियुक्ति पाई कार्यरत कर्मचारीहरूको सेवा करारको म्याद थप गर्ने सम्बन्धमा कार्यालयको विषयगत शाखा र प्रमुख प्रशासकीय अधिकृतको रायसहितको टिप्पणी माथि कार्यपालिकामा व्यापक छलफल भयो। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ को उपदफा (१) सोही ऐनको उपदफा (८) र (१०), सुदूरपश्चिम प्रदेश स्थानीय सेवाको गठन तथा सञ्चालन ऐनको दफा १५ को उपदफा (१),(२) र (३) सुदूरपश्चिम प्रदेश मुख्यमन्त्रीको कार्यालय धनगढी कैलालीको च.नं. १४, मिति २०८२।०४।०२ को पत्र आदि कानुनी व्यवस्था अनुसार नगरपालिकाको स्वीकृत दरबन्दी बाहेकका पदहरू सेवा करारमा कर्मचारीको म्याद थप गर्न नसकिने कार्यालयबाट स्पष्ट राय पेस भए पनि पालिकामा सेवा करारमा कार्यरत कर्मचारीहरूले यस कार्यालयमा हालसम्म कामकाज गर्दै आइरहेको हुँदा उनीहरूलाई कामकाज गरेको अवधिसम्मको पारिश्रमिक भुक्तानी दिनैपर्ने बाध्यतात्मक अवस्थालाई मध्यनजर गरी २०८२ साल साउन १ गतेदेखि २०८२ साल असोज मसान्तसम्म तीन महिनाको म्याद थप गरी निजहरूको पारिश्रमिक भुक्तानी दिन कार्यालयलाई निर्देशन दिने। साथै दरबन्दी बाहेकका पदहरूमा र संघ संस्थासँगको साझेदारीमा विगतदेखि नियुक्ति पाएका सेवा करारका कर्मचारीहरूको म्याद थप गर्न विषयगत शाखा र प्रमुख प्रशासकीय अधिकृतको नियत नरहेको र नगरसभाको घोषित नीति तथा कार्यक्रम कार्यान्वयन गराउन तथा कार्यबोझको अवस्थाले जनप्रतिनिधिको पहलमा दरबन्दी बाहेकका पदमा सेवा करारका कर्मचारीहरूको म्याद थप गर्ने कार्य भएकोले सुदूरपश्चिम प्रदेश स्थानीय सेवाको गठन तथा सञ्चालन ऐनको दफा १५ को उपदफा (१) र (२) बमोजिमको कानुनी जिम्मेवारी हामी जनप्रतिनिधिको हकमा मात्र लागु होस् भन्ने मञ्जुरीका साथ तपसिल लगायतका कर्मचारीहरूको सेवा करारको म्याद थप गर्ने निर्णय गरियो।